नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय ,महोत्तरी

आर्थिक वर्ष २०७६।७७को

# वार्षिक बुलेटिन

संवत् २०७७ साल श्रावण ३२ गते


## *प्रमुख जिल्ला अधिकारीको भनाई*



नेपालको संविधान, २०७२ ले ७ प्रदेश, ७७ जिल्ला र ७५३ वटा स्थानीय तहको व्यवस्था गरी नेपाल लाई संघीय राष्ट्रको रुपमा मान्यता दिएको छ । प्रदेश र स्थानीय तह बीचमा समन्वयको जिम्मेवारी सहित जिल्लामा शान्ति सुव्यवस्था कायम गर्ने, सार्वजनिक सेवा प्रवाहलाई सहजता, स्वच्छता, पारदर्शिता, जनमुखी, नागरिक मैत्री, गुणस्तरीय र सुशासनयुक्त बनाउने, विपद् जोखिम न्यूनीकरण प्रतिकार्य तथा पुनर्लाभका कार्यलाई प्रभावकारी बनाउने, विकास निर्माणमा गुणस्तरीयता र आर्थिक अनुशासन कायम गर्ने, समन्वयात्मक तथा सहजकर्ताको भूमिका प्रभावकारी बनाउने, निजि क्षेत्रको विकासमा सहयोगी भुमिका निर्वाह गरी बजारलाई अनुशासीत बनाई उपभोक्ता हित संरक्षण गर्ने, समाजमा असहाय, जेष्ठ नागरिक, बालबालिका एवं पछाडी परेका समुदायको हित संरक्षण गर्न तथा समाजमा अपराध नियन्त्रण गरी दण्डहिनताको अन्त्य गर्ने तथा नागरिक सँग प्रत्यक्ष सरोकार राख्ने विषयको जिम्मेवारी बहनगर्ने जिल्ला प्रशासन कार्यालय सरकारको प्रतिनिधि निकायको रुपमा स्थापित भएको छ । यस कार्यालयबाट सम्पादन भएका कार्यहरुलाई सर्वसाधारण नागरिक र सरोकारवाला निकायहरुलाई जानकारी गराउने हेतुले यस कर्यालयबाट चालु आ.व. २०७६।७७ मा गरिएका महत्वपुर्ण कार्य गतिविधि हरुलाई समेटेर यो वार्षिक ई बुलेटिन २०७७ प्रकाशन गरिएको छ । सूचनाको हक सम्बन्धि ऐन, तथा नियमले प्रत्याभुती गरेका नागरिकको सूचना माग्ने र पाउने हकको सम्मान हुने र सम्वन्धित सरोकारवाला महानुभावहरु यस बाट लाभान्वितहुने अपेक्षा गरीएको छ । यस बुलेटिनको अध्ययन गरी महत्वपुर्ण सुझाव दिनुहुने अपेक्षा सहित आगामी दिनमा समेत यस कार्यले निरन्तरता पाउने कुरामा म विश्वस्त छु । अन्त्यमा यो बुलेटिन तयार गर्ने कार्यको महत्वपुर्ण भूमिकाको निर्वाह गर्नुहुने सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

कृष्ण बहादुर कटुवाल
प्रमुख जिल्ला अधिकारी

## आर्थिक वर्ष २०७६।०७७ का उपलव्धीहरु



### राष्टिय परिचयपत्रका लागि विवरण संकलन

आर्थिक वर्ष २०७६।०७७ देखि महोत्तरी जिल्ला प्रशासन कार्यालयमा स्थायी स्टेशन स्थापना गरी ६ वटा काउन्टर बाट विवरण संकलनकार्य सुरु भएको हो । राष्ट्रिय परिचयपत्रको विवरण संकलनकार्यको लागि स्थानियको सहयोग तथा हरि बहादुर श्रेष्ठको समन्वयमा छुट्टै भवननिर्माण भई विवरण संकलनकार्य सुरु भएको हो । एक जना सुपरभाईजर र छ जना कम्प्युटर अपरेटरबाट राष्ट्रिय परिचय पत्रको विवरण संकलन कार्य हुँदै आएको छ । हाल सम्म यहाँ बाट १८,८७० जनाको विवरण संकलन गरिएको छ ।

### बर्दिवास नापी कार्यालबाट सेवा प्रवाह सुचारु भएको ।

जिल्लाको उत्तरी क्षेत्रलाई सेवा दिने उद्देश्यले २०७२ जेठ १७ गते स्थापना भएको उक्त कार्यालय अभिलेख, श्रेस्ता र कार्यालय प्रयोजनका कागजात नपाउँदा स्थापनाकालदेखि नै कामविहीन भएको हुँदा प्रमुख जिल्ला अधिकारी श्री सुर्य बहादुर खत्रीको पहलमा आवश्यक अभिलेख, श्रेष्ता र कार्यालय प्रयोजनका कागजात सदरमुकाम जलेश्वरबाट बर्दिवासलाई उपलब्ध गराई सेवा सुचारु गराईएको हो । प्रमुख जिल्ला अधिकारीको यस पहलले जिल्लाको उत्तरी क्षेत्रमा रहेको तत्कालीन नौ गाविस (हाल बर्दिवास नगरपालिकाको सबै क्षेत्र र भङ्गाहा नगरपालिकाको पुरानो भङ्गाहागाविस क्षेत्र) का बासिन्दाहरुलाई सेवा पाउन सहज भएको अवस्था छ ।

### सूचनाको पहुँच सहितको प्रतिक्षालय

विभिन्न काम विशेषको लागि कार्यालयमा आएका सेवाग्राहीलाई उचित खानेपानी, Sanitation, कार्य प्रगतिको सुचना सहित विश्राम गर्न प्रतिक्षालयको व्यवस्था गरिएको छ । कार्यालय परिसरमा उचित सवारी पार्किङ्गको व्यवस्था समेत मिलाईएको छ ।



**आर्थिक वर्ष २०७६।७७मा**

**नागिरकता जारी**

**८७७३**


**राहदानी वितरण**

**२६४५**

**मुद्दा दर्ता/फैसला**

**१२३/३८**

# महोत्तरी जिल्लाको सामान्य जानकारी




नेपालका ७ प्रदेशहरु मध्ये प्रदेश नम्बर २ मा पर्ने महोत्तरी जिल्ला १,००२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । २६° ३६' देखि २८° १०' उत्तरी अक्षांशमा र ८५° ४१' देखि ८५° ५७' पूर्वी देशान्तरसम्म फैलिएको यस जिल्लाको जिल्लाको औसत लम्बाइ (उत्तर-दक्षिण ) ५८ किलोमिटर तथा औसत चौडाई (पूर्व –पश्चिम) १८ किलोमिटर रहेको छ । यस जिल्लामा प्रतिनिधि सभा निर्वाचन क्षेत्र -४ वटा, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र – ८ वटा, नगरपालिका -१० वटा, गाउँपालिका – ५वटा रहेका छन् । यस जिल्लाको पूर्वमा धनुषा जिल्लाको मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका, क्षिरेश्वरनाथ नगरपालिका, लक्ष्मिनिया गाउँपालिका, जनकपुरधाम उपमहानगरपालिका, नगराइन गाउँपालिका, मुखियापट्टी मुसहरनिया गाउँपालिका उत्तरमा बागमती प्रदेश सिन्धुली जिल्लाको कमलामाई नगरपालिका पश्चिममा सर्लाही जिल्लाको पर्सा गाउँपालिका, हरिपूर्वा नगरपालिका, ईश्वरपुर नगरपालिका, लालबन्दी नगरपालिका तथा दक्षिणमा दक्षिणमा भारतको बिहार राज्यको सितामढी जिल्लासँग सिमाना जोडिएको जोडिएको छ । यस जिल्लाको ३८.४६ किलोमिटर भूभाग भारतसँग जोडिएको जोडिएको छ ।

२०६८ को जनगणना अनुसार यस जिल्लामा ३,११,०१६ पुरुष र महिला ३,१६,५६४ महिला गरी कुल ६,२७,५८० रहेको छ । लैङ्गिक अनुपात ९८.२५ रहेको यस जिल्लामा जम्मा घरधुरी संख्या १,११,३१६ छ । यस जिल्लाको साक्षरता दर ४६.४४ प्रतिशत रहेको छ जसमध्ये पुरुषको साक्षरता प्रतिशत ५६.५५ र महिलाको ३६.५५ प्रतिशत रहेको छ । ६२६ प्रति वर्ग कि.मी. जनघनत्व रहेको यस जिल्लाको औसत घरधुरी सदस्य संख्या ५.६४ रहेको छ । हिन्दु र मुस्लिम धर्मालम्बीको बाहुल्यता रहेको यस जिल्लामा धेरै-थोरै गरी ९२ जातजातीको बसोवास रहेको पाइन्छ । यस जिल्लामा बोलिने मुख्य मातृभाषाहरु मैथिली (८०.७४%), उर्दु (७.२६%), नेपाली (५.५७%), मगर (१.९४%), तामाङ (१.४%) हुन् ।

यस जिल्लामा जलेश्वरनाथ महादेव मन्दिर, मटिहानी मठ, टुटेश्वरनाथ मन्दिर, पडौल स्थान, सोनामाईस्थान, पञ्चधुरा माइस्थान, गेरुवास्थान, मंगलनाथ महादेव मन्दिर, कञ्चनवन, ध्रुवकुण्ड जस्ता प्रसिद्ध धार्मिक स्थलहरु रहेका छन् । त्यस्तै मुस्लिम समुदायको रौजा मजार पनि प्रसिद्ध स्थल हो ।

यस जिल्ला भएर बग्ने मुख्य खोलाहरु रातु, मरहा, जँघा, बाँके, बिग्ही, भब्सी, अँकुसी आदी हुन् । डुबान यस जिल्लाको एक मुख्य समस्या हो ।

यस जिल्लाको नामाकरणबारेको सन्दर्भ खोजी गर्दा प्राचीन इतिहासअनुसार नेपाल एकीकरण हुनुभन्दा अगाडि यो मिथिला प्रदेशको एक स्वतन्त्र राज्य थियो । त्यसै समयमा "महोदरी" नामक एक

ब्राहमणले ५० बिघा जग्गामा एक विशाल पोखरी निर्माण गरी आफ्नो नामबाट उक्त पोखरीको नामाकरण गराएका थिए । समयान्तरमा महोदरी महोदरी शब्दको अपभ्रंश हुँदै महोत्तरी




हुन गएको जनविश्वास छ ।

<u>हावापानी</u>

महोत्तरी जिल्ला मनसुनी हावाद्वारा प्रभावित क्षेत्र हो । यहाँ उष्ण जलवायु पाइन्छ । यहाँको अधिकतम तापक्रम गर्मीयाममा ४२ डिग्री सेल्सियस भन्दा पनि बढि हुने गरेकाले कहिलेकाही लु चल्ने गर्दछ। तर जिल्लाको उत्तरी भागमा तापक्रम केही कम हुने गरेको छ। त्यस्तै जाडोयाममा न्यूनतम तापक्रम ५ डिग्री सेल्सियस सम्म पुग्नुका साथै शितलहर समेतका कारणले जनजीवन प्रभावित हुने गर्दछ। यस जिल्लामा वार्षिक औसत वर्षा १८४० मिलिमिटर देखि २२०० मिलिमिटर हुने गरेको पाइन्छ। यस जिल्लामा ८० प्रतिशत वर्षा बैशाख देखि भदौ महिनाभित्र हुने गर्दछ। हिउँदमा यस जिल्लामा न्यून वर्षा हुने गर्दछ।

प्रमुख चाडपर्व

महोत्तरी जिल्लाका हिन्दू समुदायमा मनाईने चाडपर्वहरू अखारी पुजा, रक्षाबन्धन, तीज, ऋषिपञ्चमी, कृष्णाष्टमी, विश्वकर्मा पूजा, चौरचन, जितिया, दशै, दुर्गापूजा, दिपावली, छठ, विवाह पञ्चमी, माघे संक्रान्ती, शिवरात्री, शिवरात्री, होली, रामनवमी, जुडशितल तथा सतुआईन आदि हुन। यी मध्ये पनि दिपावली, छठ र होली विशेष आकर्षण तथा उत्साहका साथ मनाइन्छ। त्यस्तै कृष्णाष्टमी, तथा शिवरात्रीमा धार्मिक मेलासमेत लाग्ने गर्दछ। यसैगरी मुस्लिम समुदायमा मनाईने चाडपर्वहरू रमजान, ईदउलफितर, बकरइद, मोहरम (ताजया) आदि हुन्। यसबाहेक आआफ्नो जातीय धार्मिक तथा सांस्कृतिक परम्पराअनुसार अन्य चाडपर्व पनि उत्साहका साथ मनाईने गरिन्छ । यी चाडपर्वहरू सामाजिक सदभाव कायम राख्न सहयोगी हुने गरेका छन्। चाडपर्व तथा मेलाले धार्मिक सांस्कृतिक तथा सामुदायिक परम्पराको संरक्षकका साथै खुशियाली साटासाट तथा मनोरञ्जनका लागि खासगरि ग्रामिण भेगमा धेरै महत्व हुन्छ।

<u>**जिल्लाको संक्षिप्त विवरण**</u>

**अक्षांश: २६ डिग्री ३६" उत्तर देखि २८ डिग्री १०" उत्तरसम्म**

**देशान्तरः पूर्वी ८५ डिग्री ४१" देखि पूर्वी ८५ डिग्री ५७" सम्म**

**सबभन्दा अग्लो स्थान:- ८०८ मिटर**

**सबभन्दा होचो स्थान:- ६१ मिटर**

**सिमाना:- पूर्व-धनुषा जिल्ला, पश्चिम-सर्लाही जिल्ला र भारतको बिहार, उत्तर-सिन्धुली जिल्ला र दक्षिण-भारतको बिहार प्रदेश**

**क्षेत्रफल:- १,००२ वर्ग किलोमिटर**

**अवस्थिति:- तराई प्रदेश**

**औषत लम्बाई:- उत्तर-दक्षिण ५८ किलोमीटर**

**औषत चौडाई:- पूर्व-पश्चिम १८ किलोमीटर**

**भौगोलिक हिसाबले यस जिल्लालाई उत्तरतर्फ रहेको पत्रेदार चुरेभावर क्षेत्र (१४%), दक्षिणमा तराइको समथर मैदान (८४ %) ओगट्ने गरी जम्मा २ भागमा बाँड्न सकिन्छ।**

**जिल्ला अन्तर्गतका स्थानीय तहहरु-**

- जलेश्वर नगरपालिका
- बर्दिवास नगरपालिका
- भँगहा नगपालिका
- औरही नगरपालिका
- मटिहानी नगरपालिका
- मनराशिस्वा नगरपालिका
- लोहारपट्टी नगरपालिका
- गौशाला नगरपालिका
- रामगोपालपुर नगरपालिका
- बलवा नगरपालिका
- पिपरा गाउँपालिका
- एकडारा गाउँपालिका
- महोत्तरी गाउँपालिका
- सम्सी गाउँपालिका
- सोनमा गाउँपालिका

## जिल्ला प्रशासन कार्यालय महोत्तरीको सामान्य जानकारी

### कार्यालयको स्वरुप र प्रकृति

जिल्ला प्रशासन कार्यालय जिल्ला स्तरमा रहेको संघीय सरकारको प्रतिनिधि कार्यालय हो। जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । यसका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गर्ने समेतका उद्देश्यहरु रहेकाछन्। जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ। स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहनेछ। नेपाल सरकारले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा काम समेत गर्नेगरी प्रत्येक जिल्लामा एक जना प्रमुख जिल्ला अधिकारीको नियुक्ति गर्नेछ। प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीति , निर्देशन रेखदेखमा रही नेपाल सरकारको प्रतिनिधिको रूपमा काम गर्नेछ भन्ने व्यवस्था गरेको छ । प्रचलित कानून अनुसार जनताको गुनासो सुन्ने र समाधान गर्ने, चोरी, ठगी नियन्त्रण गर्ने, सार्वजनिक अपराध नियन्त्रण गर्ने कार्य यस कार्यालयले गर्दछ। यसका साथै दैवी प्रकोप व्यवस्थापन, कालो बजारी नियन्त्रण तथा आवश्यक कानूनी कारवाही गर्ने कार्य यस कार्यालयले गर्दछ। यसका साथै नागरिकता प्रमाणपत्र जारी गर्ने, नाबालक परिचयपत्र, राहदानी सिफारिस तथा वितरण जस्ता नागरिकका आधारभूत अधिकारहरु अन्तर्गतका सेवा प्रवाह जिल्ला प्रशासन कार्यालयले गर्दछ। दलित, आदिवासी जनजाति , मुस्लिम, आदी प्रमाणित, संस्था दर्ता ,नविकरण आदि कार्यहरु समेत यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्दछन् ।



### कार्यालयको काम, कर्तव्य र अधिकार

स्थानीय प्रशासन ऐन, २०२८ लगायतका अन्य ऐन कानूनहरुले तोके बमोजिम जिल्ला प्रशासन कार्यालयले सम्पादन गर्ने मुख्य–मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्:

- शान्ति सुरक्षा सम्बन्धी कार्य।
- जिल्ला स्थित कार्यालयहरुको समन्वय एवं अनुगमन।
- नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्य तथा प्रतिलिपी नागरिकता प्रमाणपत्र जारीगर्ने कार्य।
- राहदानी सिफारिश तथा वितरण।
- साविकमा भएका विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि।
- नाबालक परिचयपत्र जारी गर्ने तथा प्रतिलिपि दिने कार्य।
- हातहतियार नवीकरण, हातहतियार ईजाजत प्रतिलिपि।
- संस्था, पत्रपत्रिका तथा छापाखाना सम्बन्धी: संस्था दर्ता र प्रमाण पत्र, संस्था नविकरण, संस्थाको विधान संशोधन, जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति ,पत्र पत्रिका दर्ता , छापाखाना संचालन स्वीकृति।
- कुनै व्यक्तिले शान्ति सुरक्षा मागगरेमा विश्लेषण गरी सुरक्षा प्रदानगर्ने।
- नाम, थर, उमेर फरक परेको प्रमाणित।
- कुनै व्यहोरा प्रमाणित गर्ने।
- बजार अनुगमन सम्बन्धि कार्य।
- तोकिएका न्यायिक कार्य ।
- अन्य निकायलाई नतोकिएका कार्यहरु ।

# कार्यरत कर्मचारीहरु

जिल्ला प्रशासन कार्यालय, महोत्तरीको स्वीकृत संगठन संरचना अनुसार कार्यालयमा रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा कुल ३३ जना कर्मचारीहरुको दरवन्दी रहेको छ । कार्यालयको कार्यसम्पादका लागि पाँचवटा फाँट रहेका छन् । यी फाँटहरु प्रशासन फाँट, मुद्दा फाँट, लेखा फाँट, नागरिकता फाँट र राहदानी फाँट रहेको छ । हाल यस कार्यालयमा कार्यरत कर्मचारीको विवरण यस प्रकार रहेका छन् ।



प्र.जि.अ.







प्र.अ./सूचना अधिकारी प्र.अ. प्र.अ.

| सि.न. | नाम | पद | शाखा | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| 1 | कृष्ण बहादुर कटुवाल | प्रमुख जिल्ला अधिकारी | | 9854027777<br>krishnakatuwal2005@yahoo.com |
| 2 | कामेश्वर यादव | प्रशासकीय अधिकृत | | 9857630966<br>Prativakamesh@gmail.com |
| 3 | नीरज कुमार श्रीवास्तव | प्रशासकीय अधिकृत | | 9854028751<br>shri.nk805@gmail.com |
| 4 | रंजित कुमार यादव | प्रशासकीय अधिकृत | | 9854022783<br>soranjit73@gmail.com |
| 5 | किशोरी प्रसाद साह | नायब सुब्बा | नागरिकता शाखा | 9844031088 |
| 6 | जय कुमार सिंह | नायब सुब्बा | राहदानी शाखा | 9843910000<br>jaykumarsingh117@gmail.com |
| 7 | रामचन्द्र साह | नायब सुब्बा | राहदानी शाखा | 9844030699<br>shahramchandra99@gmail.com |
| 8 | उमेश कुमार चौधरी | नायब सुब्बा | मुद्दा शाखा | 9854026825 |
| 9 | राज नारायण महतो | नायब सुब्बा | मुद्दा शाखा | 9800847426<br>rraje121@gmail.com |
| 10 | भरत यादव | नायब सुब्बा | ई.प्र.का. बर्दिबास काजमा | 9854030983 |
| 11 | अशोक यादव | नायब सुब्बा | प्रशासन | 9807728271 |
| 12 | प्रविण कुमार महतो | लेखापाल | लेखा शाखा | 9842874080<br>prabin.ragani@gmail.com |
| 13 | आशिष कर्ण | कम्प्यूटर अपरेटर | प्रसाशन शाखा | 9854030988<br>prashasan2075@gmail.com |
| 14 | मिना कुमारी पौडेल | कम्प्यूटर अपरेटर | प्रशासन | 9800858652<br>minapaudel2076@gmail.com |
| 15 | अनिल कर्ण | खरिदार | प्रशासन शाखा | 9854033777 |
| 16 | सहिन्द्र यादव | खरिदार | नागरिकता शाखा | 9844452506<br>shahindrayadav@gmail.com |
| 17 | राजेश कुमार साह | खरिदार | नागरिकता शाखा | 9849075488<br>rjsah100@gmail.com |
| 18 | सुधिर कुमार साह | खरिदार | मुद्दा शाखा | 9868727204<br>skumarr2357@gmail.com |
| 19 | रामचन्द्र महतो | खरिदार | राहदानी शाखा | 9844058270 |
| 20 | Suman Kumar jha | सहायक कम्प्यूटर अपरेटर | कम्पुटर शाखा | 9845097950<br>suman.jha130@gmail.com |
| 21 | मो. मोस्तकिम राईन | सहायक कम्प्यूटर अपरेटर | मुद्दा शाखा | 9844037090<br>daomrain@gmail.com |
| | चिरञ्जीवी शाही | हलुका सवारी चालक | | 9844323077 |

| | | | | |
|---|---|---|---|---|
| 22 | हरी बहादुर श्रेष्ठ | हलुका सवारी चालक | | |
| 23 | नागेन्द्र ठाकुर | कार्यालय सहयोगी | | 9807823505 |
| 24 | बुनिलाल यादव | कार्यालय सहयोगी | | 9815818815 |
| 25 | विजय दुब्बे | कार्यालय सहयोगी | | |
| 26 | नुनु पाण्डे | कार्यालय सहयोगी | | |
| 27 | इन्दल डोम | कार्यालय सहयोगी | | |

## संगठन संरचना तथा शाखागत कार्य विवरण

### प्रशासन फाँटबाट सम्पादन हुने कार्यहरु

१. नेपाली नागरिकका १६ वर्ष उमेर नपुगेका सन्तानलाई नाबालक परिचय पत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।

२. कर्मचारीहरुको अभिलेख व्यवस्थापन तथा अद्यावधिक गर्ने ।

३. कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन सम्बन्धी कार्यको व्यवस्थापन गर्ने ।

४. प्रचलित कानून बमोजिम दुबै नाम,थर भएको व्यक्ति एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गर्ने ।

५. कर्मचारीहरुको नियुक्ति , पदस्थापन तथा सिफारिश सम्बन्धी कार्यको व्यवस्थापन गर्ने ।

६. प्रक्रिया पूरा भई आएका निवेदन उपर प्रचलित कानून बमोजिम सिफारिश गर्ने ।

७. दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम प्रमाणितका लागि सम्बन्धित निकाय बाट सिफारिश भई आएमा सो को प्रमाणित गर्ने ।

८. शान्ति सुरक्षा सम्बन्धी विषयहरुमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने।

९. सुरक्षा निकाय , अदालत, संवैधानिक निकायहरु बाहेक सबै सरकारी तथा अर्ध–सरकारी कार्यालयहरुको निरीक्षण , अनुगमन, र नियमन सम्बन्धी कार्य गर्ने ।

१०. संस्था दर्ता ऐन, २०३४ बमोजिम रीत पुगेका निवेदनउपर प्रारम्भिक कारवाही गरी संस्था दर्ता , नविकरण, विधान प्रमाणित सम्बन्धी कार्य गर्ने ।

११. बजार अनुगमन, आपुर्ति व्यवस्था अनुगमन गर्ने ।

१३. विपद व्यवस्थापन सम्बन्धि कार्य गर्ने ।

१४. कार्यालयका अन्य भैपरी आउने कार्यहरु गर्ने गराउने।

### नागरिकता तथा प्रतिलिपि शाखाबाट सम्पादन हुने कार्यहरु

१. नेपाली नागरिकका १६ वर्ष उमेर पूरा भएका सन्तानलाई प्रचलित कानून निर्देशिका बमोजिम नेपाली नागरिकताको प्रमाण पत्रका लागि प्रमाण हेरी सनाखत गराई नेपाली नागरिकताको प्रमाण पत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।

२. वैवाहिक अंगीकृत नेपाली नागरिकताको प्रमाण पत्रका लागि प्रचलित कानून र गृह मन्त्रालयबाट जारी निर्देशिका बमोजिम निर्णयार्थ पेश गर्ने र निर्णय पश्चात वैवाहिक अंगीकृत नेपाली नागरिकताको प्रमाण पत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।


३. नेपाली नागरिकताको प्रमाण पत्रमा थर परिवर्तन,पति को नाम,थर परिवर्तन र संशोधन गर्न प्रचलित कानून र गृह मन्त्रालयबाट जारी निर्देशिका बमोजिम निर्णयका लागि पेश गर्ने र निर्णय पश्चात नेपालीनागरिकता प्रमाण पत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।

४. यस जिल्लाबाट नागरिकता जारी भएको व्यक्तिले सम्बन्धित वडा अक्ष्यक्षको सिफारिशसहित नेपाली नागरिकताको प्रतिलिपिका लागि निवेदन दिएमा प्रचलित कानून र गृह मन्त्रालयबाट जारी निर्देशिका बमोजिम नागरिकताको प्रतिलिपि तयारी, व्यवस्थापन र वितरण गर्ने ।

५. तालुक निकाय वा अन्य निकाय कार्यालयबाट नागरिकता सम्बन्धी विषयमा सोधनी भएकोमा सो को जवाफ पठाउने ।

६. नागरिकता सम्बन्धी अभिलेख खोजेका बखत उपलब्ध हुने गरी व्यवस्थित रुपमा राख्ने ।

७. यस जिल्लाबाट जारी भएका नेपाली नागरिकता प्रमाण पत्रको सम्बन्धमा अन्यत्रबाट अभिलेख माग भई आएमा सो अभिलेख उपलब्ध गराउने र अन्य जिल्लाबाट नेपाली नागरिकताको प्रमाण पत्र जारी भई यस जिल्लामा बसाईं सरी आएको नेपाली नागरिकले सम्बन्धित वडा अक्ष्यक्षको सिफारिश सहित नेपाली नागरिकता प्रतिलिपि का लागि निवेदन दिएमा प्रचलित कानून बमोजिम सम्बन्धित



जिल्लाबाट अभिलेख माग गर्ने ।

८. नागरिकता सम्बन्धी अभिलेख व्यवस्थापन, प्रविष्टी तथा अद्यावधिक गर्ने ।

मुद्दा शाखाबाट सम्पादन हुने कार्यहरु

१. प्रचलित कानून बमोजिम दायर हुन आएका मुद्दाहरुमा प्रतिवादीलाई बयान गराई कानून बमोजिम पुर्पक्षका लागि पेश गर्ने ।

२. मुद्दाको मिसिल तथा तत्सम्बन्धी अभिलेख व्यवस्थित र सुरक्षित तवरले राख्ने ।

३. पुनरावेदन भएका मुद्दाको सम्बन्धमा सम्बन्धित अदालतबाट मिसिल, ताय दातीलगाय तका अन्य कुनै कागजातहरु माग भई आएमा सो विवरण तथा कागजात तयार गरी पठाउने ।

४. यस कार्यालयबाट भए–गरेका फैसलाको नक्कलप्रति जिल्ला सरकारी वकिल कार्यालयमा पठाउने ।

५. मुद्दाका प्रतिवादीलाई प्रचलित कानून र आदेशबमोजिम तारेख दिने ।

६. मुद्दामा भएमा फैसला तथा आदेशबमोजिम कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने ।

७. मुद्दासँग सम्बन्धित अन्य विवि ध कार्यहरु गर्ने ।

राहदानी शाखाबाट सम्पादन हुने कार्यहरु

१. राहदानी ऐन, नियम र नीति निर्देशन बमोजिम साधारण राहदानी सिफारिश तथा वितरण र द्रुत सेवा सिफारिश सम्बन्धी कार्य गर्ने ।

२. राहदानीका लागि नागरिकताको आवश्यक अभिलेखहरु माग गर्ने र पठाउने ।

३. राहदानी छपाई गर्न राहदानी विभागमा लैजाने तथा छपाई भएका राहदानीहरु सुरक्षि तसाथ ल्याउने कार्यमा सहयोग गर्ने र वि तरण गर्ने ।

४. राहदानी र राहदानीसँग सम्बन्धित विषयहरुमा सेवाग्राहीलाई परामर्श दिने ।

५. कार्यालयको जिन्सी सामानको व्यवस्थापन, भण्डारण र संरक्षण गर्ने ।

६. राहदानी सम्बन्धित अन्य विविध कार्यहरु गर्ने ।

आर्थिक प्रशासन शाखाबाट सम्पादन हुने कार्यहरु

१. राजश्व, विनियोजन, धरौटीको आम्दानी, खर्चको श्रेस्ता राख्ने र सो को खर्च को फाँटबारी सम्बन्धित निकाय मा पठाउने ।

२. कार्यालयका तलब, भत्ता लगायतका आर्थिक दायित्वहरु भुक्तानी दिने ।

३. आर्थिक कारोबारको लेखापरीक्षण गराउने ।

४. लेखा परीक्षण बाट औंल्याइएका बेरुजु रकम असुलउपर गरी बेरुजु रकम फर्छयौट गर्ने– गराउने र बेरुजु फर्छयौटका लागि सम्बन्धित निकाय वा कर्मचारीले प्रमाण पेश गरेमा सम्परीक्षण गराउने ।

५. तलवी प्रतिवेदन, बजेट सिट र वार्षिक आर्थिक विवरण तयार पार्ने ।

६. द्वन्दपीडित, बाढीपीडित, आगलागी पीडित लगायतका दैविक प्रकोप तथा वैदेशिक रोजगारमा मुत्यु हुने व्यक्ति को कानूनी हकदारलाई राहत तथा क्षतिपूर्ती उपलब्ध गराउने ।

७. विपद्बाट घटेका घटनाहरुमा प्रचलित कानून र निर्देशिका बमोजिम राहत तथा क्षति पुर्ति वितरणका लागि पेश गर्ने ।

## आ.व.२०७६।०७७ मा सम्पादन भएका कार्यहरुको परिमाणत्मक विवरण

### जिल्ला प्रशासन कार्यालयको भौतिक सम्पतिको विवरण

जिल्ला प्रशासन कार्यालय महोत्तरी हाल आफ्नो पुरोनो भवनमा रहेको छ भने नया भवन निर्माणाधीन रहेको छ । प्र.जि.अ. निवास पनि पुरानै भवनमा रहेको छ । प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्नुभएको सवारी स्कोर्पियो चालु अवस्थामा छ भने अन्य २ थान चार चक्का गाडी जिर्ण अवस्थामा छ । सहायक प्रमुख जिल्ला अधिकारीको प्रयोजनका लागी इसुजु ट्रपर तथा कार्यालय प्रयोजनका लागि ५ थान मोटरसाइकल चालु अवस्थामा रहेको छ ।

### राहदानी

आर्थक वर्ष ०७६/७७ मा यस शाखाबाट नयाँ तथा हराएको राहदानी बनाउन र नविकरणका लागी ३१२७ फर्म संकलन भएका छन् । द्रुत तर्फ १४४४ सिफारीस भएको छ ।

आ.व. ०७६/७७ को विवरण

| सि.न. | कार्यको विवरण | संख्या |
|---|---|---|
| १ | नयाँ | २६६६ |
| २ | हराएको | २५४ |
| ३ | नविकरण | २०७ |
| ४ | द्रुत सिफारीस | १४४४ |
| ५ | वितरण | २६४५ |

### प्रशासन शाखाबाट भएका संस्था दर्ता नविकरण र सिफारिश

आर्थिक वर्ष २०७६/७७ मा यस शाखाबाट गरिने सबै कार्यहरु नियमीतरुपमा हुँदै आएकोमा विगतको केही महिना देखी कोभिड-१९ का कारण सेवा अवरुद्ध भएको छ ।

| सि.न. | कार्यको विवरण | संख्या |
|---|---|---|
| १ | संस्था दर्ता | २७ |
| २ | संस्था नविकरण | २३१ |
| ३ | नाबालक परीचय पत्र | ११८ |
| ४ | ठाडो उजुरी गुनासो | ७०१ |
| ५ | पत्र पत्रिका दर्ता | ० |
| ६ | छापाखाना दर्ता | १ |
| ७ | विविध सिफारीस | १४३ |
| ८ | हात हतियार नविकरण | ६५ |
| ९ | हात हतियार नामसारी | १ |
| १० | जनजाती/मधेशी दलीत सिफारीस | १७७४ |

## ***यस आ.व.०७६/७७मा प्र.जि.अ.बाट ३८ मुद्दा फैसला, १२३ दर्ता भएको छ ।***

| क.सं. | मुद्दा | अ.ल्या. | नयाँ दर्ता | जम्मा मुद्दा दर्ता | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| 1 | केही सार्वजनिक अपराध | ५० | ० | ५० | १७ | ३३ |
| 2 | कालो बजारी | २ | १ | ३ | ० | ३ |
| 3 | क्षतिपूर्ति | ५ | २ | ७ | १ | ६ |
| 4 | हातहतियार तथा खरखजाना | ४ | ० | ४ | ३ | १ |
| 5 | खाद्य मुद्दा | १ | - | १ | - | - |
| 6 | सार्वजनिक उपद्रयाई | ७ | १ | ८ | १ | ७ |
| 7 | सार्वजनिक शान्ति खलल पारेको कसुर | १ | ० | १ | ० | १ |
| 8 | सार्वजनिक शान्ति विरुद्धको कसुर | १ | १६ | १७ | ० | १७ |
| 9 | अभद्र व्यवहार | ४८ | १०१ | १४९ | १६ | १३३ |
| 10 | जुवा मुद्दा | ० | २ | २ | ० | २ |
|  | जम्मा | ११९ | १२३ | २४२ | ३८ | २०३ |

## नागरीकता शाखाबाट भएका सम्पादीत कार्यको परिमाणात्मक विवरण

**आर्थक वर्ष ०७६/७७मा यस कार्यालयको नागरिकता शाखा बाट चैत्रको पहिलो हप्ता सम्म नियमित सेवा प्रवाह भएको र त्यस पछि कोभिड १९ को कारण सेवा प्रवाह रोकीएको हो । यस अवधीमा यस शाखा बाट ८७७३ नयाँ नागरिकता जारि भएको हो भने ५०२० वटा प्रतिलिपी जारी भएको हो ।**

| **महिना** | **नागरिकताको किसिम** | | | | **प्रतिलिपी** |
|---|---|---|---|---|---|
| | **वंशज** | **ज.आधार** | **वै.अ.** | **अंगीकृत** | |
| **श्रावण** | **७२८** | **०** | **५९** | **०** | **३५९** |
| **भदौ** | **१०२६** | **०** | **१०२** | **०** | **६७९** |
| **असोज** | **७४०** | **०** | **६७** | **०** | **४९५** |
| **कार्तिक** | **८८२** | **०** | **९८** | **०** | **५०६** |
| **मंसिर** | **१०३०** | **०** | **२०६** | **०** | **६५९** |
| **पुस** | **८६५** | **०** | **११३** | **०** | **७०८** |
| **माघ** | **११३७** | **०** | **१४२** | **१** | **६८२** |
| **फाल्गुन** | **८८९** | **०** | **१००** | **०** | **५०४** |
| **चैत्र** | **२९१** | **०** | **३५** | **०** | **२१३** |
| **बैशाख** | **०** | **०** | **०** | **०** | **०** |
| **जेष्ठ** | **०** | **०** | **०** | **०** | **०** |
| **अषाढ** | **२२३** | **०** | **३९** | **०** | **२०२** |
| **जम्मा** | **७८११** | **०** | **९६१** | **१** | **५०२०** |

# बजेट र खर्च

आर्थिक वर्ष २०७६|७७ मा जिल्ला प्रशासन कार्यालय जलेश्वर महोत्तरीको चालु खर्च अन्तर्गत बजेट रु.१,९६,४१,४२९/- मध्ये रु.१८४,२४,३०३।९४/- खर्च भएको छ । जुन विनियोजित रकमको ९३.८० प्रतिशत खर्च भएको देखिन्छ । त्यस्तै राष्ट्रिय परिचयपत्र चालु तर्फ विनियोजित रकम रु.१९,०९,००० मध्ये रु.१८,६५,९२५ खर्च भएको छ । यसमा विनियोजित बजेटको ९७.७४ प्रतिशत खर्च भएको छ । पुंजीगत खर्च तर्फ विनियोजित बजेट रु. २४१५००००।- मध्ये रु.३३८२२१ मात्रै खर्च हुन सकेको हो । पुँजीगत तर्फ १४ प्रतिशत मात्रै बजेट खर्च भएको हो । कोभिड-१९ का कारण भएको लकडाउनका कारण आर्थिक वर्षको अन्तिम ४ महिनामा सोचे अनुरुपको काम हुन नसक्दा पुँजीगत तर्फ खर्च कम देखिएको हो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,महोत्तरी
शिर्षकगत राजस्व संकलनको मासिक विवरण

| सि. नं. | राजस्व शीर्षक | जम्मा |
|---|---|---|
| १ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ६४,१००.०० |
| २ | १४२२७ - राहदानी शुल्क | २०,०७३,५००.०० |
| ३ | १४३११ - न्यायिकदण्ड, जरिवाना र जफत | ११५,०००.०० |
| ४ | १४२२४ - परीक्षाशुल्क | ३५,७००.०० |
| ५ | १५१११ - बेरुजू | २९६,०६३.०० |
| ६ | १४२५१ - कम्पनी रजिष्ट्रेशन दस्तुर | १८२।६२५.०० |
| ७ | १४२५७ - हातहतियार ईजाजतपत्र दस्तुर | ४३,०००.०० |
| | जम्मा रकम | २०,८०९,९८८.०० |

## खर्चको फाँटवारी २०७७ साल असार

| खर्च/वित्तय संकेत नं. | खर्च वितिय संकेतको नाम | अन्तिम बजेट | यस महिनासम्मको खर्च | बाँकी |
|---|---|---|---|---|
| २११११ | तलब | १३२६००००।०० | १३०५६१४९।५८ | २०३८५०।४२ |
| २११२१ | पोशाक | २८००००।०० | २८००००।०० | ०।०० |
| २११३२ | महगी भता | ३४३०००।०० | ३४३०००।०० | ०।०० |
| २११३४ | बैठक भत्ता | ८५०००।०० | ८५०००।०० | ०।०० |
| २११३९ | अन्य भत्ता | ६००००।०० | ५८६००।०० | १४००।०० |
| २१२१३ | योगदान बिमा कोष खर्च | १२५०००।०० | ०।०० | १२५००।०० |
| २२१११ | पानी तथा बिजुली | ३४८०००।०० | ३४८०००।०० | ०।०० |
| २२११२ | संचार महसुल | ११५०००।०० | ११५०००।०० | ०।०० |
| २२२१२ | इन्धन | ४३१०००।०० | ४३१०००।०० | ०।०० |
| २२२१३ | सवारी साधन मर्मत | ३५००००।०० | १८८७९७।०० | १६१२०३।०० |
| २२२१४ | बिमा तथा नविकरण | ६००००।०० | १५०२४।०० | ४४९७६।०० |
| २२२२१ | मेशिनरी औजार र्ममत | २१५०००।०० | २१५०००।०० | ०।०० |
| २२२३१ | सा.सम्पतीको र्ममत संभार | २०००००।०० | १९३३४५।०० | ६६५५।०० |
| २२३११ | कार्यालय सम्बन्धी खर्च | ८३५०००।०० | ८३५०००।०० | ०।०० |
| २२४१९ | अन्य सेवा शुल्क | १५७७४२९।०० | १५५७४२८।३६ | २००००।६४ |
| २२५११ | कर्मचारी तालिम | ६००००।०० | ०।०० | ६००००।०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ४४२०००।०० | ०।०० | ४४२०००।०० |
| २२६११ | अनुगमन मुल्यांकन खर्च | ४७५०००।०० | ३२२९६०।०० | १५२०४०।०० |
| २२७११ | विविध खर्च | ३५००००।०० | ३५००००।०० | ०।०० |
| २७१११ | सामाजिक सुरक्षा | ३००००।०० | ३००००।०० | ०।०० |
| | | १९६४१४२९।०० | १८४२४३०३।९४ | १२१७१२५।०६ |

## संघ विविध (२०७६/०७७) कार्य संचालन कोष

| सि.नं. | विवरण | आम्दानी | खर्च | बाँकी |
|---|---|---|---|---|
| १ | विदेशमा मृत्यु तथा घाईते भएको क्षतिपूर्ती | ६,४१,८२,४४६।६६ | २,१२,७०,९६६।१२ | ४,२९,११,४८०।५४ |
| २ | जिल्ला दैवी प्रकोप | ३,०३,८२,८७७।१२ | २,२८,५०० | ३,०१,५४,३७७।१२ |
| ३ | विद्युत मुआब्जा | ५,१९,४०,०००। | ५,१९,४०,०००। | --- |
| ४ | परिक्रमा सडक | २०२१५१९२।५० +२१४५७६२।५० | २२३६०९५५ | --- |
| ५ | प्रदेश सरकार Covid-19 | ७५,००,०००। | ४९,९८,८८५। | २५,०१,११५। |
| ६ | प्रदेश सरकार वाढी क्षतिपूर्ती | १०,००,०००। | ६,००,०००। | ४,००,०००। |
| ७ | रेल्वे मुआब्जा | ९१,०३,४५।०६९।११ | ४६१७५७५।३९ | ९०५७२७४९३।७२ |
| ८ | राष्ट्रिय सूचना आयोग | २५,०००। | १५,०००। | १०,०००। |
| ९ | पावर ट्रान्समिशन | २,९२,८६०।२५ | ९०,००० | २,०२,८६०।२५ |

## राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग चालु खर्च

| खर्च/वित्तिय संकेत नं. | खर्च वितिय संकेतको नाम | अन्तिम बजेट | यस महिनाको खर्च | बाँकी |
|---|---|---|---|---|
| २११३४ | कर्मचारी बैठक भत्ता | २००००।०० | ९०००।०० | ११०००।०० |
| २११३९ | अन्य भत्ता | ३१४०००।०० | ३१३८००।०० | २००।०० |
| २२२२१ | मेशिनरी औजार मर्मत | १००००।०० | १००००।०० | ०।०० |
| २२३११ | मसलन्द तथा कार्यालय सा. | ८६०००।०० | ८५०२५।०० | ९७५।०० |
| २२४१३ | करार सेवा शुल्क | १४७९०००।०० | १४४८१००।०० | ३०९००।०० |
| | | १९०९०००।०० | १८६५९२५।०० | ४३०७५।०० |

## खर्चको फाँटवारी
## २०७७ साल असाढ(पुँजीगत खर्च)

| खर्च/वित्तिय संकेत नं. | खर्च वितिय संकेतको नाम | अन्तिम बजेट | यस महिनाको खर्च | बाँकी |
|---|---|---|---|---|
| ३१११२ | गैर आवसिय भवन निर्माण/खरिद | २३००००००।०० | ०।०० | २३००००००।०० |
| ३११२२ | मेशनरी तथा औजार | ७५००००।०० | २५००००।०० | ५०००००।०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | २०००००।०० | ८८२२१।०० | १११७७९।०० |
| ३११७१ | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | २०००००।०० | ०।०० | २०००००।०० |
| | | २४१५००००।०० | ३३८२२१।०० | २३८११७७९।०० |

# बजार अनुगमन

**सेवा ग्राहीहरुको गुनासोहरुको आधारमा जलेश्वर नगरपालिका वडा नं. २ रोशनी किराना पसलमा अनुगमनको क्रममा पेय पदार्थको (लिटर २) बोतल जफत गरिएको । उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख नभएको श्री राम ब्राण्डको सेवईको नमुना परीक्षा को लागि प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जनकपुरमा पठाईएको । म्याद गुज्रेको नगर्न निर्देशन दिईयो।**



**सामान विक्रि वितरण नगर्न तथा लेबल नभएको सामान खरिद बिक्रि नगर्न निर्देशन दिईएको । त्यस्तै गौरव जेनरल स्टोर्सबाट म्याद गुज्रेको फ्यान्टा २८ लिटर, मजा जुस (६० मि.लि. १४ पिस, स्प्राईट ८.५ लिटर कोकाकोला ५ लिटर, चावा जुस (२५० मि.लि.। ६ पिस, कुरकुरे कुरकुरे २० पिस जफत गरिएको । म्याद गुजेको समान बिक्रिवितरण नगर्न निर्देशन दिईएको । प्रेम एण्ड ट्रेड कन्सर्न जलेश्वरमा लेवलमा उत्पादन मिति, उपभोग्य मिति उल्लेख नभएको पाइएकोले मयूर ब्राण्डको काजु नमुना परीक्षा को लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जनकपुरमा पठाईएको छ । लेवल नभएको वस्तु बिक्रि वितरण**

## जिल्ला प्रशासन कार्यालयको गतिविधि



कार्यालय परिसरमा वृक्षारोपन

### बजार तथा कार्यालय परिसर सरसफाई

प्रमुख जिल्ला अधिकारीको अग्रसरता, संयोजन तथा निर्देशनमा समय समयमा आवश्यकता अनुसार बजार तथा कार्यालय परिसर सरसफाई हुने गरेको



तथा कार्यालय परिसरमा यत्र तत्र फालिएका फोहर जन्य पदार्थहरु संकलन र व्यवस्थापन गर्नका साथै अनावश्यक रुपमा पलाएका झारपातहरु हटाई सफा गर्ने एवं फलफुल लगायत अन्य विरुवाहरुको वृक्षारोपन, सो को संरक्षण, संवर्द्धन गर्ने लगायतका कामहरु गर्ने गरी कार्यालय परिसरको सरसफाईमा विशेष ध्यान दिईएको ।

### कार्यकक्षहरु सफा राख्ने

यस कार्यालय भित्र रहेका सम्पुर्ण कार्यकक्षहरु देनिक रुपमा सरसफाई गर्ने गरिएको छ । शौचालयमा नियमित र पर्याप्त पानीको व्यवस्था गरिएको छ ।

### नागरिकता तथा राहदानीको अभिलेख सुरक्षा

हाल नागरिकताका सबे अभिलेखहरु कम्प्युटर ईन्ट्री भएका छन् । यस बाट नागरिकता सम्बन्धि अभिलेखहरु सुरक्षित रह्नुका साथै सो को प्रतिलिपी लिन सहज भएको छ । नागरिकता तथा राहदानी सम्बन्धि महत्वपुर्ण अभिलेखहरुको लागि छुट्टै कोठाको व्यवस्था गरिएको छ । साथै सो अभिलेखहरुको समय समयमा सरफाई सहित आवश्यक व्यवस्थापन गरिने गरिएको छ ।

### सरुवा भई जाने कर्मचारीहरुको विदाई

जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट अन्यत्र कार्यालयमा सरुवा भई जानुहुने तथा सेवा निवृत हुनभएका सहकर्मी कर्मचारीहरुको कार्यालयमा रहदा बस्दा गरेका कामहरुको समिक्षा गर्दै वहाँहरुको आगामी दिनमा पनि कार्यकाल सफलताको कामनाका साथै विदाई कार्यक्रम गरिएको छ ।

**आ.व. २०७६।७७ मा यस कार्यालयबाट रमानाहुनु भएका कर्मचारीहरुको विवरण**

| कर्मचरीको नाम | रमाना मिति |
|---|---|
| प्र.जि.अ. श्री उमेश कुमार ढकाल | २०७६।०५।१५ |
| प्र.जि.अ. श्री सुर्य बहादुर खत्री | २०७७।०२।२० |
| प्र.अ. प्रशान्त कुमार वर्मा | २०७६।०८।२६ |
| प्र.अ. श्याम कृष्ण श्रेष्ठ | २०७६।१०।०१ |
| ना.सु.राम पुनित साह | २०७६।०८।२९ |
| ना.सु. चोमन प्रसाद अधिकारी | २०७६।१०।२८ गते अनिवार्य अवकास |
| ना.सु. राजाराम मण्डल | २०७७।०३।०५ |







## अवैध मदिरा उत्पादन तथा विक्री वितरण नियन्त्रण

महोत्तरी जिल्ला भित्र अवैध रुपमा सन्चालनमा रहेको मदिरा उत्पादन तथा बिक्री वितरण कार्य रोक्न तथा नियन्त्रणका लागि यस कार्यालयबाट समय समयमा खटिएका अनुगमन टोलीले बिक्री वितरणका लागि राखिएका अवैध मदिरा बरामद गरी मदिरा नष्ट गरी उक्त कार्यमा संलग्न व्यक्तिहरुलाई कानूनी दायरामा ल्याई यस किसिमका कार्यलाई निरुत्साहित गर्न संलग्न व्यक्तिलाई कानुन बमोजिम कार्यवाही गरियो ।



## हेल्प डेस्क तथा क्वारेन्टाईन अनुगमन

संन् २०१९ को अन्त्य तीर चीन बाट सुरु भएको कोरोना महामारीको कारण पुरा विश्व नै प्रभावित भएको अवस्था छ । नेपाल पनि यसमा अछुतो रहेको छैन । महोत्तरी जिल्लामा पनि कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रणका लागि विभिन्न उपायहरु अवलम्बन गरिएका छन् । कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रणका लागि ठाउँ ठाउँमा हेल्प डेस्क तथा प्रत्येक स्थानीय तहमा क्वारेन्टाईन निर्माण भई सन्चालनमा रहेका छन् । विभिन्न समयमा यस



कार्यालयबाट उक्त हेल्पडेस्क तथा क्वारेन्टाईनको अनुगमन भएको छ । अनुगमनको क्रममा देखिएका त्रुटी तथा समस्याहरुको निदान गर्दै कोभिड-१९ नियन्त्रणमा यस कार्यालयले महत्वपुर्ण भुमिका निर्वाह गरेको छ ।

## स्वास्थ्य सचेतना जगाउँदै सर्वसाधारणलाई मास्क वितरण

विश्वव्यापी महामारीको रुपमा रहेको covid-19 (कोराना भाईरस)को संक्रमण यस जिल्लामा समेत फैलिसकेको तथा २०७६ चैत्र ११ गते देखि मुलुक भरि लकडाउनको अवस्था रहेकोमा अत्यावश्यक काम बाहेक अनावश्यक रुपमा मानिसहरुको आवतजावत तथा हिडडुल नियन्त्रण गर्न समय समयमा जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायहरुको पहलमा सर्वसाधारणलाई जनचेतना फैलाउने काम भयो ।



बजारमा हिड्ने अधिकांस मानिसहरु माक्स नलगाई हिड्ने गरेको देखिएकोले माक्स लगाउन सर्वसाधारणलाई सम्झाइएको र माक्स नभएकोलाई निःशुल्क माक्स वितरण गरिएको छ । कोरोना संक्रमण फैलिन नदिन सबैलाई न्यूनतम सामाजिक दुरि कायम गरी स्वास्थ्य सम्बन्धि सम्पूर्ण मापदण्डहरु पालना गर्न सर्वसाधारणमा जनचेतना फैलाई अटेर गर्नेलाई संक्रमण ऐन, २०२० बमोजिम कारवाही गर्ने सूचना गरिएको थियो ।

## लकडाउनको अवधिमा कालोबजारी नियन्त्रणको लागि भएका कार्यहरु

२०७७ चैत्र ११ गते देखि मुलुक भरि बन्दाबन्दी (lockdown) भएपनि अन्यावश्यक वस्तु तथा सामानहरुको पसल खुल्ने प्रावधान रहेको थियो । कालोबजारी तथा जम्माखोरी नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय महोत्तरी, घरेलु तथा साना उद्योग कार्यालय महोत्तरी, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय महोत्तरी, जलेश्वर नगरपालिकाको संयुक्त अनुगमन टोलीबाट समय समयमा सो अतिआवश्यक वस्तु तथा सामानहरुको पसल लगायत पेट्रोल पम्प, LPG ग्यास डिपो अनुगमण भएको छ ।

## जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य

जिल्लाको समग्र शान्ति सुरक्षा व्यवस्थाका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला स्थित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल नेपाल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका प्रमुख तथा सहायक प्र.जि.अ. रहने गरी जिल्ला सुरक्षा समिति रहने कानूनी व्यवस्था रहेको छ । जिल्ला भित्र शान्ति सुरक्षाको व्यवस्थाका लागि समय समयमा तथा आवश्यकता अनुसार जिल्ला सुरक्षा समितिको बैठक (आ.व. २०७६।०७७ मा ४३ पटक) बसि शान्ति सुरक्षा लगायतको विषयमा नियमित रुपमा छलफल तथा समिक्षा गर्दै आवश्यक निर्णयहरु गरिदै आएको छ । यी निर्णयहरुलाई जिल्ला स्थित सबै सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवाला निकायहरुको समन्वयात्मक ढंङ्गबाट कार्यान्यवयन गरिदै आएको छ ।अपराधीक समूह तथा व्यक्तिहरु माथि निगरानी बढाई कानूनी कार्यवाहीको दायरामा ल्याउने काम भई रहेको छ । यस बाहेक जिल्लाको समग्र शान्ति सुरक्षा सामान्य रहेको छ ।

## Covid-19 संकट व्यवस्थापन

विश्वव्यापी महामारीको रुपमा फैलिएको covid-19 (कोराना भाइरस)को रोकथाम न्यूनीकरणका लागि नेपाल सरकारको निर्णय अनुसार सबै जिल्लाहरुमा, “जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र DCCMC ” गठन भएको थियो । सोही क्रममा महोत्तरी जिल्लामा समेत प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला समन्वय समिति, जिल्ला स्थित सबै सुरक्षा निकाय, स्वास्थ्य लगायतका निकायका प्रमुखहरु सम्मिलित जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको गठन भएको थियो । DCCMC ले कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजीकरण र अनुगमन गर्ने काम गरेको छ । कोभिड-१९ रोकथाम तथा न्यूनीकरणको सन्दर्भमा नेपाल सरकारबाट प्राप्त कार्यदेश बमोजिम यस केन्द्र मार्फत विभिन्न गतिविधिहरु भएका छन् ।

२०७७ असाढ ३१ गते सम्ममा

Quarantine बेड संख्याः ४२९४Isolation बेड संख्याः १८१

PPE को संख्याः ५८० जम्मा संक्रमितः ८१०

निको भएकोः २७७उपचारर्थः ५९

Quarantine स्थलको संख्याः ९५

हालसम्म राहत वितरण गरेको घरधुरी संख्याः ६०,०४८

## विपद् व्यवस्थापन समिति तथा DCCMC का प्रमुख निर्णयहरु

| सि.नं. | मिति | निर्णयहरु | कैफियत |
|---|---|---|---|
| १ | २०७६।०५।३० | १. मिति २०७६।०४।०७ गतेको गृहमन्त्रालय विपद पूर्वतयारी तथा प्रतिकार्य शाखाको च.नं.१३ को प्राप्त पत्रानुसार रबरवोट खरिद सम्बन्धमा विपद व्यवस्थापन कोषबाट खर्च हुने गरि महोत्तरी जिल्ला स्थित रणभिम गणले १ (एक) थान रबरवोट खरिद गरि जिल्ला प्रशासन कार्यालयमा विल पेश गर्ने  निर्णय<br>२.बर्दिवास न.पा.को च.नं. ३४४ मिति २०७६।०५।०८ पत्रानुसार उक्त नगरपालिकामा मेयर कृषि कार्यक्रमको लागि मोडल एग्रो भिलेज निर्माण तपसिलका जग्गामा हुने भएको र त्यस क्षेत्र अर्न्तगत अन्य स्थानमा प्रकोप उद्धार तथा व्यवस्थापन लागि जग्गा पर्याप्त भएकाले तपसिलमा उल्लेखित जग्गाहरु प्रकोप उद्धार तथा व्यवस्थापनका लागि आवश्यक नभएको व्यहोरा गृह मन्त्रालयमा सिफारिस गरि पठाउने निर्णय गरियो ।<br>३.श्री हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुर अर्न्तगत पर्ने जनकपुर-जलेश्वर-भिठ्ठामोड सडकमा मिति २०७६ अषार २६ गते देखि ३० गते सम्म परेको अविरल वर्षा बाट पिपरा गा.पा. वडा नं.४ मा पर्ने चेनेज नं.८+४०० भित्र लगभग ४० मिटर सडक कटान भई यातायात अवरुद्ध भएको हुँदा उक्त सडकमा यातायात संचालन गर्न तपसिल बमोजिमको जग्गा धनीको जग्गावाट डाइभर्सन बनाई यातायात संचालन गराईएकोमा मिति २०७६।०४।०५ गते र २०७६।०५।०२ गतेका दिन पिपरा गा.पा. वार्ड नं.४ का वडा अध्यक्ष श्री अरुण ठाकुरको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुसार तपसिल बमोजिमका जग्गा धनीलाई हेण्ड पाईप, रुख बिरुवा, जग्गा पराल र अन्य वापत तपसिल बमोजिमको रकम क्षतिपूर्ति श्री हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरबाट उपलब्ध गराउने निर्णय गरियो ।<br>४. जलेश्वर नगरपालिकाको च.नं. १८१ मिति २०७६।०५।०९ अनुसार २०७६असार २८ गते आएको भिषण बाढीबाट क्षतिग्रस्त जलेश्वर न.पा.को डोम टोल नजिकको सडक लगायत ७३ वटा योजनाहरु समेतको २, १७, ८६, ५०० समेतको बजेटको लागि केन्द्रिय विपद व्यवस्थापन समिति, गृह मन्त्रालय र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पठाउने निर्णय गरियो ।<br>५. जलेश्वर नगरपालिकाको २०७६।०५।३० को च.नं.४१८ अनुसार २०७६ असार २८ गते आएको भिषण वाढीको पानी नगर पालिका क्षेत्रका अधिकांश घर वस्तीहरुमा पसी पिडीत घर परिवारका व्यक्तिहरुलाई खानु, बस्नु व्यवस्था परेको हुँदा खाना र नास्ता गर्दा लागेको रु.१० लाख ३० हजार ५ सय खर्च भएको रकम जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सम्बन्धित निकायमा माग गरि दिन हुन भनी सिफारिस आएको हुँदा केन्द्रिय विपद व्यवस्थान समिति गृह मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो । | |
| २ | २०७६।०८।०१ | १. तराईका अधिकांश भू-भागहरु वर्षायाममा बाढी, डुवान जस्ता प्राकृतिक प्रकोपहरुको चपेटामा पर्ने गरेको र त्यसमा पनि महोत्तरी जिल्ला डुवान र बाढीको प्रकोपको दृष्टिकोणले अन्य जिल्ला भन्दा उच्च जोखिमा पर्ने गरेको छ । विगतका वर्षहरुमा पनि यस जिल्लाका अधिकांश भू-भागहरु बाढी र डुवानमा परि जनजीवन प्रभावित परेको विषयलाई दृष्टिगत गरी प्राकृतिक प्रकोपहरुको समयमा सबै स्थानीय तहहरुमा जुनसुकै समयमा खोज, उद्धार तथा राहत कार्यमा नेपाली सेना परिचालन गर्न र हेलिकप्टरद्धारा राहत सामाग्रीहरु वितरण गर्नुपर्ने अवस्थामा Elevated Helipad को आवश्यक रहेको भनि श्री रणभीम गण, प्रकोली व्यारेक महोत्तरीको प.सं.१३३८० कार्य/ ३।०७६।०७६७ को पत्रको सन्दर्भमा महोत्तरी जिल्लाका सबै स्थानीय निकायहरुको उपयुक्त स्थानहरुको पहिचान गरी प्रत्येक नगरपालकिामा २/२ (दुई/दुई) वटा र गाउँपालिकाहरुमा १/१ (एक/एक) वटा Elevated Helipad तथा राहत सामग्रीहरु झार्न उपयुक्त स्थानको निर्माण गर्न तत् तत् स्थानीय पालिकाहरुलाई अनुरोध गर्ने निर्णय गरियो । विपदको समयमा राहत, उद्धार गरी धनजनको क्षति न्यूनिकरण गर्ने कार्य नेपाल सरकारको प्राथमिकतामा रहेकोले स्थानीय निकाहरुले समेत यस विषयलाई गम्भिरता पूर्वक लिई यसै आर्थिक वर्ष २०७६।०७७ मा Elevated Helipad निर्माण गर्न बजेट विनियोजन गरी यसै आ.व.मा सम्पन्न गर्न समेत अनुरोध गर्ने निर्णय गरियो । हेलिप्याड निर्माणको लागि प्राविधिक सहयोग श्री रणभीम गण, प्रकौली व्यारेकबाट हुने । | |

| | | |
|---|---|---|
| | | २. हिउँदको आगमन सँगै यस महोत्तरी जिल्लामा हुने सम्भावित शीतलहरको प्रभावलाई न्युनिकरण गरी जनधनको क्षति हुन नदिन देहाय बमोजिम शीतलहर पूर्वतयारी गर्ने गराउने निर्णय गरियो :-<br>● शीतलहरबाट बढी प्रभावित हुने वर्ग समुदाय क्षेत्र को पहिचान गरी न्यानो कपडा कम्बल खरिद गर्न स्थानीय तहलाई अनुरोध गर्ने ।<br>● शीतलहरबाट सुरक्षित रहन उपयुक्त स्थानमा सर्वसाधरणहरुको लागि आगो बाल्ने र चिया/ तातोपानी खुवाउने प्रबन्ध गर्ने<br>● शीतलहर समबन्धी जनचेतनामुलक कार्यक्रम सूचना स्थानीय पत्र पत्रिका, FM/TV मा प्रचार प्रसार गर्ने ।<br>३. जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७६ असार २३ गते को निर्णयानुसार विपदको लागि आवश्यक Search & Rescue का सामग्री खरिद गरी नजिक सुरक्षा निकायसँग समन्वय गरी उपलब्ध गराउने सम्बन्धमा निर्णय स्मरण गराउँदै पुनः उक्त सामग्री नजिकका सुरक्षा निकायमा उपलब्ध गराउन स्थानीय निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।<br>४. जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नं.२ जलेश्वर महोत्तरीको च.नं.१३५, मिति २०७६।८।१ गतेको पत्रबाट २०७६ साल असार २७ गते देखि आएको बाढीले गर्दा यस जिल्लामा अत्याधिक क्षति गरिरहेको अवस्थामा यस कार्यालयद्वारा तत्काल क्षति न्युनिकरण तथा रोकथामका लागि रातो /मरहा/औरही नदीको विभिन्न ठाउँहरुमा आपतकालिन कार्य भएको र सो कार्यको लागि बजेटको व्यवस्था नभएको हुनाले उक्त कार्य निम्ति अपुग बजेट मागका लागि संलग्न तालिका अनुसारको कामहरुको विपद व्यवस्थापन समितिबाट अनुमोदन गर्न अनुरोध गर्न सिफारिस गर्ने निर्णय गरियो ।<br>५. नेपाली सेना श्री रणभीम गणबाट प्रत्येक स्थानीय निकायमा सञ्चालन भईरहेको र हुने योजना रहेको ४ (चार) दिने विपद् व्यवस्थापन प्रतिकार्य तालिमलाई प्रभावकारी रुपमा संचालन गरी विपद्को समयमा First Responder उत्पादन गर्न समन्वय र सहकार्यको लागि सम्पूर्ण स्थानीय निकायलाई अनुरोध गर्ने निर्णय गरियो । |
| ३. | २०७६।०९।१५ | १. जिल्ला प्रशासन कार्यालयको नाउँमा रहेको विपद् व्यवस्थापन कोषबाट खरिद गरिएको रबरबोट नेपाली सेना (श्री रणभीम गण, प्रकौली) लाई हस्तान्तरण गर्ने ।<br>२. यस वर्षको चिसो तथा शीतलहरबाट प्रभावित सर्वसाधरणलाई आवश्यक दाउरा, न्यानो कम्बल, बल्यान्केट जस्ता सामग्री स्थानीय निकायहरुले तत्काल खरिद गरि वितरण गर्ने । यस सन्दर्भमा सकेसम्म न्यानो कपडा वितरणलाई प्राथमिकता दिने ।<br>३. चिसा तथा शीतलहरमा प्रभावित व्यक्तिहरुलाई आवश्यक सहयोग गर्न NGO / INGO र सामाजिक संघ/संस्थालाई अनुरोध गर्ने ।<br>४. जिल्ला विपद् प्रतिकार्य योजना तयार गर्ने निम्न बमोजिमको समिति गठन गर्ने<br>(क) प्र.अ.श्री श्याम कृष्ण श्रेष्ठ -जि.प्र.का.<br>(ख) नेपाल रेडक्रस सोसाइटी, जलेश्वर -प्रतिनिधि<br>(ग) गैर सरकारी संस्था महासँघ -प्रतिनिधि |
| ४. | २०७६।१०।१९ | १. महोत्तरी जिल्लाको जलेश्वर न.पा. सारीभारी गा.वि.स. वडा नं.१ हालको जलेश्वर न.पा. वडा नं. २ अन्तर्गत नगर विकास समितिको नाउँमा रहेको ७ बिघा जग्गा रहेको हाल सो जग्गा जलेश्वर न.पा.को स्वामित्वमा रहने गरी हस्तान्तरण भइसकेको र सो जग्गा नयाँ कारागार निर्माणको लागि उपयुक्त रहेको र उक्त जग्गा उपलब्ध गराउँदा विपद व्यवस्थापनको समयमा खुला स्थानको अभाव नहुने भएकोले सो जग्गा कारागार कार्यालय जलेश्वरलाई हस्तान्तरण गर्न उपयुक्त हुने भएकोले सो व्यहोरा सम्बन्धित निकायमा सिफारिश गर्ने ।<br>२. विपद् व्यवस्थापनको लागि रु.५,००,०००।- को काठ दाउरा तथा कम्बल खरिद गरेको हुँदा सोको भुक्तानी गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. २ सँग रकम माग गर्ने निर्णय गरियो । |
| ५. | २०७६।१२।१३ | १. भारत तथा अन्य मित्र राष्ट्रबाट आएका मानिसहरुलाई छुट्टै राख्न हरेक स्थानीय तहमा कम्तीमा १५ शैय्याको Quarantine को स्थापना गर्न अनुरोध गर्ने निर्णय गरियो । |
| ६. | २०७६।१२।२५ | सुनौलो नेपालको लागि सहयोगी हात महोत्तरी रतौलीको प्र-२-२-००१च-००२१ र राष्ट्रिय दलित जनजाती कल्याण परिषद् नेपाल मटिहानी-२ धिरापुरको ज.१ त. १२३३ |

| | | |
|---|---|---|
| | | को Ambulance CCMC को जिल्ला संरचना अन्तर्गत राखी सो Ambulance लाई COVID-19 Friendly Ambulance को रुपमा तयार गर्न नेपाली सेनाको रणभीम गण प्रकौलीलाई अनुरोध गर्ने निर्णय गरियो । |
| ७. | २०७७।०१।०३ | १. जलेश्वर नगरपालिकामा रहेको रा.वि.म. क्याम्पसमा ३० शैयाको Quarantine स्थापना गर्ने निर्णय गरियो । यसको व्यवस्थापन जलेश्वर न.पा.ले गर्ने । |
| ८. | २०७७।०१।२१ | १. गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३६३१, मिति २०७७।०१।११ को पत्रसाथ मुस्लिम आयोगको च.नं. २७५ मिति २०७७।१।८ को पत्रको व्यहोरा अवगत भयो । सो सम्बन्धमा अनुगमन गर्ने निर्णय गरियो ।<br>२. धार्मिक सहिष्णुता पूर्ण रुपमा कायम रहि रहन आ-आफनो तहबाट आवश्यक सहयोग, समन्वय गर्ने । नागरिक समाज, धर्मगुरु, राजनीतिज्ञले आ-आफनो तहमा सम्झाई बुझाई गर्ने निर्णय गरियो । |
| ९. | २०७७।०१।२३ | १. स्वास्थ्य सेवा विभागको हस्तान्तरण फाराम नं.१४२९ मिति २०७७।०१।०४ बमोजिम शिक्षा विज्ञान तथा प्रविधि मन्त्री माननीय गिरीराजमणी पोखरेल ज्यू मार्फत प्राप्त स्वास्थ सामग्रीहरु जिल्लाको सबै प्राथमिक स्वास्थ्य केन्द्रहरुलाई बाँडने निर्णय गरियो ।<br>२. स्वास्थ्य कार्यालय, महोत्तरीले स्वाब संकलनको लागि आवश्यक VTM २० थान जलेश्वर अस्पताललाई हस्तान्तरण गर्ने ।<br>३. स्वाब संकलनमा संलग्न जनशक्तिबाट नै ल्याबसम्म पुऱ्याउने निर्णय गरियो । |
| १०. | २०७७।०१।३१ | १. जिल्लामा रहेका क्वारेन्टाइनको बेड क्षमता बढाउन प्रत्येक न.पा.ले कम्तीमा ७५ बेड तथा गा.पा. ले कम्तीमा ५० बेडको क्वारेन्टाईन स्थापना गर्न स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरियो ।<br>२. अधिकांश स्थानीय तहमा क्वारेन्टाइन निर्माण गर्न र राहत वितरण गर्न रकम अभाव भएकोले प्रदेश सरकारसँग रकम माग गर्ने निर्णय गरियो ।<br>३. जलेश्वर न.पा.को क्वारेन्टाइनमा रहेको १३ जना पत्रकारहरु १० जना, नेपाल प्रहरीको ५ जना, सशस्त्र प्रहरी बल, नेपालबाट ५ जना, नेपाली सेनाबाट २ जना व्यक्तिहरुको स्वाब संकलन गर्ने निर्णय गरियो ।<br>४. स्वाब संकलनको लागि तपसिल बमोजिमको Dedicated Team को निर्माण गर्ने ।<br>क) सुनिल कुमार झा - ल्या.टे.अ. -स्वास्थ्य कार्यालय,<br>ख) मनोज मिश्र - ल्या.टे.अ. -बर्दिवास अस्पताल<br>ग) महावीर यादव - ल्या.टे.अ. -प्र.स्वा.क. सम्सी गा.पा. |
| ११ | २०७७।०२।१० | १. स्थानीय पालिकाले प्रशिक्षण लिएका प्रयोगशालाकर्मी मार्फत जाँच र स्वाब संकलन गरि समयमा प्रादेशिक ल्याबमा पठाउने व्यवस्था गर्ने<br>२. सुरक्षा सामग्री PPE ५०० थान, VTM २००० थान, RDT KIT १००० थान प्रबन्धको लागि प्रदेश सरकार सामाजिक विकास मन्त्रालयसँग अनुरोध गर्ने ।<br>३. COVID- १९ को काममा खटिने प्रयोगशालाकर्मीलाई नियमानुसारको दैनिक भ्रमण भत्ता भुक्तानीको प्रबन्धको लागि स्थानीय पालिकालाई अनुरोध गर्ने । |
| १२ | २०७७।०२।२२ | १. कोभिड-१९ संकट व्यस्थापन संचालन केन्द्र, छाउनी, काठमाण्डौं प.सं.०७६।०७७ मिति २०७७।०२।१८ गतेको पत्रको व्यहोरा अवगत भयो । सो सम्बन्धमा क्वारेन्टाइनमा रहेको मध्ये भारतबाट आएको दश दिन वा सो भन्दा बढी अवधि व्यतित गरेको र कोभिड-१९ को लक्षण नभएका सबैको RDT परीक्षण गरी RDT पोजिटिभ भएका व्यक्तिको PCR प्रविधिबाट परीक्षण गर्न स्वाब संकलन गरी सो बाहेक अन्य RDT नेगेटिभ भएका र PCR प्रविधिबाट नेगेटिभ भएका व्यक्तिहरुलाई स्वास्थ्य तथा जनसँख्या मन्त्रालयको प्रोटोकल बमोजिम होम क्वारेन्टाईनमा बस्ने गरी पठाउने व्यवस्था हुन स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरियो ।<br>२. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको प.सं.:-शा.सु. ०७६।७७ मिति २०७७।२।२१ को पत्रको व्यहोरा अवगत भयो । सो सम्बन्धमा क्वारेन्टाइनमा खटिने सुरक्षाकर्मीले अंग्रपक्तिमा खटिने स्वास्थ्यकर्मी र अन्य कर्मचारीलाई सुरक्षाको व्यवस्था मिलाउने निर्णय गरियो । |
| १३. | २०७७।०२।२३ | १. यस समितिको निर्णय बेगर VTM वितरण गरी जाँच गरिएका व्यक्तिहरुको विवरण स्वास्थ्य कार्यालय, महोत्तरीले उपलब्ध गराउने ।<br>२. स्वास्थ्य कार्यालय, महोत्तरीलाई प्राप्त सामग्रीको विवरण DCCMC मा उपलब्ध गराउने र DCCMC को निर्णय बमोजिम सामग्री वितरण गर्ने । साथै उक्त सामग्रीहरु जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा सुरक्षित राख्ने । |

| | | |
|---|---|---|
| | | ३. कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्रको प.सं.०७६।०७७।१०८ मिति २०७७।०२।१८ को पत्रको दफा २ मा उल्लेखित परीक्षण क्वारेन्टाइनमा बसेको १४ दिन व्यतित गरिसके पश्चात हुनुपर्नेमा अन्यथा भएको हुँदा संशोधन गरिएको व्यहोरा अनुरोध छ भनी केन्द्रको प.सं.०७६।७७/लजिष्टक अप्स, मिति २०७७।०२।२२ गतेको पत्र प्राप्त भएको हुँदा सोही व्यहोरा स्थानीय तहहरुलाई जानकारी गराउने ।<br>४. आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश नं. २ बाट प्राप्त रकम रु.५,००,०००।- (अक्षरेपी रु. पाँच लाख मात्र) को VTM खरिद गर्ने । |
| १४. | २०७७।०२।२७ | १. माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराज मणि पोखरेलज्यूबाट प्राप्त १००० (एक हजार) थान RDT तपसिल बमोजिम वितरण गर्ने निर्णय गरियो ।<br>क) सम्सी गा.पा. - ३१८ थान ।<br>ख) गौशाला न.पा. - २०० थान ।<br>ग) भँगहा न.पा. - २०० थान ।<br>घ) रामगोपालपुर न.पा. - ७५ थान ।<br>ङ) बलवा न.पा. - २५ थान ।<br>च) पिपरा गा.पा. - ५० थान ।<br>छ) सोनमा गा.पा. - १०० थान ।<br>ज) बर्दिवास न.पा. - ३२ थान ।<br>२. गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ४०८४ मिति २०७७।०२।२५ गतेको कोभिड-१९ स्वाब नमुना ढुवानी सम्बन्धी पत्रको व्यहोरा अवगत भयो । सो सम्बन्धमा नमुना संकलन गरी (लामो समयसम्म स्वाब होल्ड नगरी ) लगतै स्वाब व्यवस्थित सुरक्षित र यथाशिघ्र पठाउन स्थानीय तहलाई परिपत्र गर्ने निर्णय गरियो ।<br>३. कोभिड -१९ का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धि संक्षिप्त कार्यविधि-२०७६ पहिलो संशोधन, २०७७ बमोजिम शव व्यवस्थापनको विषयमा थप छलफल जलेश्वर नगरपालिकाका प्रमुख र सम्बन्धित वडाका वडाध्यक्षको उपस्थितिमा गर्ने निर्णय गरियो ।<br>४.महोत्तरी जिल्लाको पिपरा गा.पा. मा प्रदेश सरकारको सहयोग र नेपाली सेनाको सहकार्यमा स्थापना गरिएको ४३ बेडको आईसोलेशनको व्यवस्थापन सम्बन्धित गा.पा. र प्राथमिक स्वास्थ्य केन्द्रले गर्ने । उक्त आइसोलेशनमा आवश्यक सामग्री तथा खानपानको तत्काल व्यवस्थापनको लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश नं. २ बाट क्वारेन्टाइन/आइसोलेशन व्यवस्थापनको लागि विनियोजत बजेट मध्येबाट रु. पाँच लाख पिपरा गा.पा.लाई उपलब्ध गराउने तथा आवश्यक बजेटको लागि प्रदेश सरकार/संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो । |
| १५. | २०७७।०२।३२ | १. कोभिड-१९ को रोकथामको लागि CCMC बाट महोत्तरी जिल्लाको लागि निम्नानुसारको सामानलाई DCCMC मा आम्दानी बाँधी आवश्यकतानुसार वितरण गर्ने ।<br>1. N95 mask - 90 pcs.<br>2. Surgical mask - 15000 pcs<br>3. Gloves - 10000 pairs<br>4. Gum boots (reusable) - 19 pairs<br>5. IR thermometer - 12 pcs<br>6. Visor - 255 pcs<br>7. Goggles - 1275 pcs<br>8. Poly carbonate Goggles - 170 pcs<br>9. Gown - 2400 Pcs<br>10. Disposable protective clothing - 2150 Pcs<br>11. Cap - 2000 pcs<br>12. Biohazard bag - 25 pcs<br>२) शव व्यवस्थापन कार्यविधि मुताबिक शव व्यवस्थापनको लागि नेपाली सेना, रणभीम गणलाई निम्नानुसारको सामान वितरण गर्ने निर्णय गरियो ।<br>1. N95 mask -20 pcs<br>2. Surgical mask -200pcs<br>3. Gloves - 200 pcs<br>4. Gum boot -10 pcs<br>5. Visor -20 pcs<br>6. Goggles -20 pcs<br>7. Gown -20 pcs<br>8. PPE -20 pcs |

| | | |
|---|---|---|
| | | 9. Cap -20 Pcs<br>10. Bio hazard Bag -20 pcs<br>३. जलेश्वर क्वारेन्टाइन, जिल्ला कारागार जलेश्वर पिपरा आईसोलेशन र सोनमा क्वारेन्टाइनमा Hand Washing Station शौचालय, शुद्ध पिउने पानी तथा स्वास्थ्य सामग्री उपलब्ध गराउन UNICEF कार्यालय जनकपुरलाई अनुरोध गर्ने ।<br>४. पिपरामा निर्माणधीन ७५ बेडको आइशोलेशनको व्यवस्थापन र संचालन पिपरा गा.पा.ले गर्ने । थप आवश्यक बजेटको लागि प्रदेश सरकारलाई अनुरोध गर्ने । साथै उक्त आइसोलेशनको सुरक्षा र व्यवस्थापन जिम्मेवारीको लागि रणभीम गणलाई अनुरोध गर्ने ।<br>५. UNDP र बाट प्राप्त ३६० थान Mosquito net (झुल) मध्ये ५० थान झुल जलेश्वर कोभिड-१९ विशेष अस्पताललाई उपलब्ध गराउने । |
| १६. | २०७७।०३।०३ | १. यस जिल्लामा हालसम्म ५०८ जना कोरोना संक्रमित रहेका छन् । संक्रमणको क्रम दिनानुदिन बढ्दै गइरहेको अवस्थामा हाल पिपरा प्रा.स्वा.के.मा सञ्चालित ४३ बेडको Isolation लाई ७५ बेडको क्षमता विस्तार गर्न तथा थप व्यवस्थापन गर्नको लागि रु.२५,००,०००।- (अक्षरेपी रु. पच्चीस लाख मात्र) तथा रामगोपालपुर नगरपालिकामा १०० बेडको नयाँ Isolation स्थापना गर्न रु.५०,००,०००।- (अक्षरेपी रु.पचास लाख मात्र) गरी एकमुष्ट रु.७५,००,०००।- (अक्षरेपी रु. पचहत्तर लाख मात्र) रकम उपलब्ध गराई दिन सामाजिक विकास मन्त्रालय, प्रदेश नं.२ लाई अनुरोध गर्ने । साथै जिल्लामा बढ्दो कोरोना संक्रमितलाई ध्यानमा राखी Contract Training गर्ने तथा Quarantine मा रहेको व्यक्तिको परीक्षण गर्न २००० (दुई हजार मात्र) थान RDT , १००० (एक हजार थान), VTM र एउटा RT-PCR machine समेत उपलब्ध गराई दिन सामाजिक विकास मन्त्रालय प्रदेश नं.२ लाई अनुरोध गर्ने निर्णय गरियो ।<br>२. DCCMC महोत्तरीलाई प्राप्त स्वास्थ्य सामाग्रीमध्ये पिपरा प्राथमिक स्वास्थय केन्द्र Isolation लाई तपसिल बमोजिमको स्वास्थय सामग्रीलाई उपलब्ध गराउने :<br>1. N95 mask - 20 pcs.<br>2. Surgical mask - 500 pcs<br>3. Gloves - 500 pairs<br>4. IR thermometer - 1 pcs<br>5. Visor - 20 pcs<br>6. Goggles - 20 pcs<br>7. Gown - 100 Pcs<br>8. PPE - 100 pcs<br>9. Cap - 100 pcs<br>३. कोभिड-१९ सम्बन्धि सूचना संकलन विश्लेषण सम्प्रेषण तथा आवश्यक सहजीकरणको लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने ।<br>क) प्र.अ. श्री कामेश्वर यादव - जि.प्रशा.का. महोत्तरी<br>ख) ज.स्वा.नि. श्री गिरेन्द्र कुमार झा - स्वास्थ्य कार्यक्रम<br>ग) नेपाली सेनाको प्रतिनिधि - १ जना<br>घ) नेपाल प्रहरीको प्रतिनिधि - १ जना<br>ङ) सशस्त्र प्रहरी बल, नेपालका प्रतिनिधि - १ जना<br>च) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यलयका प्रतिनिधि - १ जना<br>४. बर्दिवास नगरपालिका स्थित नवनिर्मित अस्पतालमा स्थापना गर्ने घोषणा भएको ५० बेडको Isolation बर्दिवास नगरपालिका र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी ३ दिनभित्र सञ्चालन गर्ने पहल गर्ने निर्णय गरियो ।<br>५.सम्सी गा.पा. स्थित विभिन्न क्वारेन्टाइनमा रहेका व्यक्तिहरुमध्ये हालसम्म प्राप्त भएका रिर्पोटहरुमध्ये २७३ जनामा कोरोना संक्रमण पुष्टि भएकोले पूर्वमा जंघा खोला, पश्चिममा सोनमा गाउँपालिकाको सिमाना र भारतीय सिमा क्षेत्र, उत्तरमा गौशाल -सम्सी सडकखण्डको ईसवा गाछी, दक्षिणमा पोखरभिण्डा गाउँ चार किल्लाभित्रको सम्सी गाउँपालिकाको सम्पूर्ण क्षेत्र आज मिति २०७७।०३।०३ गते राती १२:०० बजे सम्म ७२ घण्टाको लागि अत्यावश्यक सेवा जस्तै औषधी, एम्बुलेन्स, स्वास्थ्य सेवा, मृत्यु संस्कार बाहेकको सम्पूर्ण क्रियाकलाप निषेध हुने |

| | | | |
|---|---|---|---|
| | | गरि पूर्ण रुपमा सिल गर्ने । उक्त कार्यको लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल राष्ट्रिय अनुसन्धान विभागको जनशक्ति परिचालन गर्ने । | |

## सर्वदलीय सर्वपक्षिय बैठकका प्रमुख निर्णयहरु

| सि.नं. | मिति | निर्णयहरु | कैफियत |
|---|---|---|---|
| १ | २०७६।०५।०६ | एकडारा गाउँपालिकाको वाड नं. १ र २ बीच सिमाङ्कन विवाद पर्न गएको हुँदा यस विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको आधिकारीक नक्सा सहित विज्ञ टोली झिकाई सिमाङ्कन विवाद समाधान गर्ने निर्णय गरियो । यसका लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समिति कार्यालयले पत्राचार र समन्वय गरी १(एक) महिना भित्र सम्पन्न गर्ने निर्णय गरियो ।<br>२. एकडारा गाउँपालिका को कार्यालयको सेवा प्रवाह सुचारु गर्ने निर्णय गरियो । | |
| २ | २०७६।०५।२५ | निर्णय नं.१ स्थानीय तह र जिल्ला स्तर बीचमा हुने विकास निर्माण र सेवा प्रवाह आपसी समन्वयमा काम गरि गुणस्तरीय विकास निर्माण र सेवा प्रवाह गर्ने । | |
| ३ | २०७६।०६।०७ | १. एकडारा गाउँपालिकाको वाड नं. १ र २ को सिमानामा विवाद भएको विषयमा निम्न बमोजिमको प्रतिनिधि मण्डल सामान्य प्रशासन तथा संघीय मामीला मन्त्रालयमा गई सो को विषयमा मन्त्रालयको निर्देशन र सहयोग लिई सिमा विवाद सुल्झाउने निर्णय गरियो । | |
| ४ | २०७६।०६।२७ | १. मिति २०६९ साल पौष १९ गतेका दिन प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा बसेको सर्वदलिय /सर्वपक्षिय बैठकमा नेपाल सरकार अर्थ मन्त्रालयको प्रतिवद्धता अनुरुप करदाता सेवा कार्यालय, जलेश्वर स्थापना गरिदिन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने र यातायात व्यवस्था कार्यालयको यनिट कार्यालय जलेश्वरमा स्थापना गरिदिनु नेपाल सरकारलाई अनुरोध गर्ने भनी निर्णय भएकोमा करदाता सेवा कार्यालय, जलेश्वर र यातायात व्यवस्था कार्यालयको युनिट कार्यालय समेत हाल सम्म स्थापना नभएको सर्न्दभमा उक्त कार्यालयहरु स्थापनार्थ क्रमश:अर्थ मन्त्रालय र यातायात व्यवसथा कार्यालय वर्तमान मा भौतिक पुर्वाधार विकास मन्त्रालय (प्रदेश मन्त्रालय) मातहत रहेकोले भौतिक पर्वाधार विकास मन्त्रालयमा पुन: लेखि पठाउने र यस कार्यमा सहयोग तथा समन्वय गर्न शिक्षा मन्त्री मा.श्री गिरिराज मणि पोखरेल ज्यूलाई अनुरोध गर्ने निर्णय गरियो । साथै विगतमा कृषि कार्यालय जलेश्वरमा रही । हाल कृषि ज्ञान केन्द्रको रुपमा सर्लाहीमा स्थापना भएको हुँदा जलेश्वर तथा समग्र महोत्तरी जिल्लावासीलाई कृषि सम्बन्धि सेवा सुविधा प्राप्त गर्न कठिनाई भएको विषयलाई दृष्टिगत गरी जलेश्वरमा समेत कृषि ज्ञान केन्द्र स्थापना गर्न सम्बन्धीत निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।<br>२. वुँदा नं. १ मा उल्लेखित कार्यालय स्थापनाको लागि जलेश्वर न.पा., मटिहानी न.पा., बर्दिवास, भँगहा न.पा.का नगर प्रमुख तथा ने.क.पा., ने.का, रा.ज.पा., समाजवादी पार्टीको प्रतिनिधि र उद्योग वाणिज्य संघका अध्यक्षहरु समेतको प्रतिनिधि मण्डल सम्बन्धित प्रदेश र संघीय कार्यालयमा गई आवश्यक समन्वय गर्ने निर्णय गरियो ।<br>३. मालपोत कार्यालयका केही स्रेस्ताहरु बर्दिवास सेवा केन्द्रमा पठाईसकेकोको हुँदा त्यससँग सम्बन्धित नापी कार्यालयका स्रेस्ता समेत बर्दिवास नापी कार्यालयमा पठाउने व्यवस्थाको लागि नापी कार्यालय, जलेश्वरलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| | | | |
| ५ | २०७६।०७।२६ | - निर्णय नं.१ सिताराम विवाह पञ्चमी महामहोत्सवमा अयोध्याबाट आउने जन्तीको लागि मिति २०७६।८।११ गते मटिहानी मठ, मटिहानी नगरपालकिाले खाने र बस्ने तथा आवश्यक आतिथ्यताको व्यवस्था गर्ने ।<br>- निर्णय नं.२ मिति २०७६।८।१२ गते बिहान उक्त जन्तिहरुलाई जलेश्वर न.पा.ले स्वागत गर्ने तथा सो दिनको बिहानको खानाको व्यवस्था पिपरा गा.पा.ले गर्ने ।<br>- निर्णय नं.३ मिति २०७६।८।११ गते मा विवाह पञ्चमीको लागि आउने जन्तीहरुको आगमन सहज गर्न भन्सार कार्यालय जलेश्वरले सेवा प्रवाहलाई थप सहजीकरण गर्ने । | |

| | | | |
|---|---|---|---|
| ६ | २०७६।०९।२५ | १. जलेश्वर न.पा. वडा नं. १ र २ स्थित सारीभारीमा नगर विकास समितिको नाममा रहेको जग्गामा नयाँ कारागार निर्माणको लागि जग्गा उपलब्ध गराउने प्रयोजनको लागि जग्गाको क्षेत्रफल यकिन गरी मिति २०७६।९।२९ गते सम्म पेश गर्न शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, जनकपुर, जलेश्वर नगरपालिका र नापी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ७ | २०७६।१०।१० | १. महोत्तरी जिल्ला सारीभाडी गा.वि.स. वडा नं. १ हालको जलेश्वर न.पा. वडा नं. २ अर्न्तगत नगर विकास समितिको नाउँमा अन्दाजी ७ विघा जग्गा रहेको हाल सो जग्गा जलेश्वर न.पा.को स्वामित्वमा रहने गरी हस्तान्तरण भइसकेको र सो जग्गा नयाँ कारागार निर्माण गर्नका लागि जलेश्वर न.पा.को सहमति रहेकोले उक्त जग्गा कारागार कार्यालयको नाउँमा नामसारी गर्न नेपाल सरकारसँग स्वीकृति माग गर्ने निर्णय गरियो । | |
| ८. | २०७७।०४।११ | १. विभिन्न २० बुँदे माग सहित पिपरा गा.पा.मा ज.स.पा. का प्रतिनिधिहरुबाट भईरहेको विरोध कार्यलाई मध्यनजर गरि विवाद सामाधनको विषयमा भएको विस्तृत छलफलबाट स.पा.का प्रतिनिधिहरुबाट माग भएका २० बुँदाहरुमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम र कानून बमोजिम उपलब्ध हुने सूचना हरु २०७७ श्रावण मसान्त भित्र उपलब्ध गराउने सम्बन्धमा पिपरा गा.पा. अध्यक्षहरुको सहमतिमा निर्णय भयो ।<br>२. हाल विरोधका सम्पूर्ण कार्यक्रमहरु दुवै पक्षको सहमतिमा स्थगन गर्ने निर्णय भयो । | |